आज मिति २०८२/०४/१८ गतेका दिन लेकवेशी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ५५

बैठक प्रारम्भ: दिनको ११:०० बजे

समापन: दिनको १:०० बजे

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री बिमला खड्लुक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्र कुमार शर्मा | |
| ४ | का.बा.वडा अध्यक्ष | श्री हरिप्रसाद रेग्मी | |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर वुढा | |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | |
| १० | वडा अध्यक्ष | श्री रुद्र बहादुर नेपाली | |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | |
| १२ | वडा अध्यक्ष | श्री मान बहादुर सोमै | |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री सावित्रा नेपाली | |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |

CamScanner

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री लीलमति बि.क. | |
| २१ | कार्यपालिका सदस्य | श्री याम बहादुर दमाई | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| २२ | शिक्षा अधिकृत | श्री पहलमान अधिकारी | |
| २३ | शाखा अधिकृत | श्री नारायणदत्त तिवारी | |
| २४ | लेखापाल | श्री हरिलाल न्यौपाने | |
| २५ | स.प्र.अ. | दिपेन्द्र शाहा मगर | |
| २६ | का.स. | साधना शाहा | |
| | | | |
| | | | |
| | | | |

CamScanner

प्रस्ताव प्रमाणित

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मिति २०८२/०४/१८ गतेको ५५ औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने। | प्र.प्र.अ. | |
| २. | निर्देशिका माथि छलफल तथा स्वीकृती गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको कार्य संचालनलाई प्रभावकारी, पारदर्शि बनाई आर्थिक सुशासन कायम गर्नका लागि लेकवेशी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका माथि छलफल गरी स्वीकृत गर्नुपर्ने । | आर्थिक प्रशासन शाखा | |
| ३. | स्थानीय पाठ्यक्रम सम्बन्धमा । | लेकवेशी न.पा.को स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय विषयक्षेत्रलाई समेटी स्थानीय परिवेशको शिक्षा दिनुपर्ने आवश्यकतालाई मध्यनजर गरी तयार गरिएको लेकवेशी नगरपालिकाको स्थानीय पाठ्यक्रम (आधारभुत तह १-८) लाई छलफल गरी स्वीकृत गर्नुपर्ने । | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ४. | रिक्त पदमा पदपूर्ति सम्बन्धमा । | यस कार्यालय अन्तरगतका कार्यालयमा रिक्त रहेको विभिन्न पदहरूमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने । | प्र.प्र.अ. | |
| ५. | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा । | स्वास्थ्य शाखाबाट मस्यौदा भई पेश भएको लेकवेशी नगरपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ कार्यविधी स्वीकृत गर्ने । | स्वास्थ्य शाखा | |
| ६. | कार्यविधि संशोधन सम्बन्धमा । | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ संशोधन गर्नुपर्ने । | प्र.प्र.अ. | |

नरेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित

मिति २०८२/०४/१८ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू:

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

लेकवेशी नगरपालिकाको कार्य संचालनलाई प्रभावकारी, पारदर्शि बनाई आर्थिक सुशासन कायम गर्नका लागि लेकवेशी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२ माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

लेकवेशी नगरपालिकाको स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय विषयक्षेत्रलाई समेटी स्थानीय परिवेशको शिक्षा दिनुपर्ने आवश्यकतालाई मध्यनजर गरी तयार गरिएको लेकवेशी नगरपालिकाको स्थानीय पाठ्यक्रम (आधारभुत तह १-८) लाई छलफल गरी स्वीकृत गर्ने गरियो ।

**निर्णय नं. ४**

लेकवेशी नगरपालिकाको कार्यालय अन्तरगतका कार्यालयमा रिक्त रहेको कार्यालय सहयोगी तथा ल्या.अ.टे. पदमा पदपूर्ति गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

लेकवेशी नगरपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ माथि छलफल भई स्वीकृत गरियो ।

**निर्णय नं. ६**

लेकवेशी नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

(१) दफा ३ को उपदफा ३ मा ६ महिना को सट्टा १ वर्ष राख्ने ।

(२) अनुसूची - २ मा देहाय बमोजिम संशोधन गर्ने ।

अनुसूची - २

(दफा २ को उपदफा (४) र दफा ३ को उदफा (३) सँग सम्बन्धित)

'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र दर्ता तथा नविकरण दस्तुर

| क्र.सं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | इजाजत पत्र दर्ता दस्तुर | रू.१००००/- |
| २ | इजाजत पत्र नविकरण दस्तुर (३ महिना भित्र) | रू.१५००/- |
| ३ | इजाजत पत्र नविकरण (म्याद सकिएको ६ महिना भित्र) थप दस्तुर | रू.२०००/- |
| ४ | इजाजत पत्र नवीकरण (६ महिना पछि १ वर्ष सम्म) थप दस्तुर | रू.५०००/- |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नगर कार्यपालिकाको कार्यालय (छाप)

प्रस्ताव प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८२/०४/२९ गतेको ५६औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वियनको समिक्षा गर्ने। | प्र.प्र.अ. | |
| २. | कर्मचारीहरुको जिम्मेवारी हेरफेर सम्वन्धमा । | लेकवेशी नगरपालिका र सो अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको कामकाज व्यवस्थापनका लागि जिम्मेवारी हेरफेर गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ३. | स्थानीय राजस्व सम्वन्धमा । | मिति २०८२/०४/२५ गते बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएका विषयमा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गत रहि कर, शुल्क वा दस्तुर लगाउने विषयमा छलफल गरी निर्णय गर्नुपर्ने । | राजश्व उपशाखा | |
| ४. | आर्थिक सहयोग सम्वन्धमा । | लेकवेशी नगरपालिका वडा नं. ३ स्थायी निवासी श्री लिला कामीलाई नसा सम्बन्धि रोग लागेको र उपचार गर्न आर्थिक अवस्था अति कमजोर भएकोले आर्थिक सहयोग गर्नु पर्ने । | ३ नं. वडा कार्यालय | |
| ५. | एम्बुलेन्सको स्तरोन्नति सम्वन्धमा । | लेकवेशी नगरपालिका अन्तर्गत रही लेकवेशी नगर अस्पतालमा रहेको १ वटा एम्बुलेन्सलाई स्तरोन्नतिका लागि सिफारिस गरी पठाउनु पर्ने । | स्वास्थ्य शाखा | |
| ६. | कारवाही प्रक्रिया अगाडी बढाउने सम्वन्धमा । | आर्थिक विकास शाखा प्रमुखको रूपमा कार्यरत प्रशासकीय अधिकृत/ छैटौ श्री विवेकजंग शाहीले मिति २०८२/०४/२८ गते बसेको उद्यम विकास समितिको बैठकमा गरेको आचरण उल्लंघन सम्बन्धमा आवश्यक कारवाहीको लागि निर्णय गर्नु पर्ने । | प्र.प्र.अ. | |
| ७. | ईलाका प्रहरी कार्यालयलाई जग्गा उपलब्ध गराउने सम्वन्धमा । | लेकवेशी नगरपालिकाको १ नं. वडा कार्यालयको नाममा रहेको साविक लेखफर्सा ५(क) कि.नं.३८७ ज.बि. ०-४-१०-० मध्ये वडा कार्यालय देखि उत्तर तर्फको ०-३-०-० जग्गा अस्थायी प्रहरी चौकी लेखफर्सालाई भवन निर्माणका लागि भोगाधिकार सिफारिस गर्नुपर्ने । | १ नं. वडा कार्यालय | |
| ८. | योजना शंसोधन सम्वन्धमा । | ४ नं. वडा समितिबाट योजना संशोधनका लागि प्रस्ताव गरिएकोले योजना संशोधन गर्ने । | ४ नं. वडा कार्यालय | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

CamScanner

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/०४/२९ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू:

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

लेकवेशी नगरपालिका र सो अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत देहायका स्वास्थ्य तर्फका कर्मचारीहरुको कामकाजका लागि देहायका स्वास्थ्य संस्थामा कामकाजको जिम्मेवारी हेरफेर गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | क.सं.नं. | कर्मचारीको नाम,थर | पद/तह | हाल कार्यरत शाखा/कार्यालय | जिम्मेवारी हेरफेर गरिएको शाखा/कार्यालय | कै. |
|---|---|---|---|---|---|---|
| १ | १९९०६१ | कर्ण बहादुर आचार्य | जनस्वास्थ्य निरीक्षक/ छैटौ | नगर स्वास्थ्य शाखा | नगर अस्पताल | |
| २ | २१००३७ | महेश गिरी | जनस्वास्थ्य निरीक्षक/ छैटौ | नगर स्वास्थ्य शाखा | स्वास्थ्य चौकी साटाखानी | |
| ३ | १७३१३४ | खगेन्द्र बहादुर विरकट्टा | सि.अ.हे.व./ छैटौ | नगर अस्पताल | नगर स्वास्थ्य शाखा | |
| ४ | २२०७७२ | दीपमाला सिंजाली | सि.अ.न.मी./ पाचौं | नगर अस्पताल | स्वास्थ्य चौकी नेटा | |
| ५ | २२६६६५ | चन्द्र बहादुर राना | सि.अ.हे.व./ पाचौं | नगर अस्पताल | स्वास्थ्य चौकी कल्याण | |

**निर्णय नं. ३**

मिति २०८२/०४/२५ गते बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएको नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गत पर्ने कर, शुल्क वा दस्तुर लगाउने विषयमा आजको बैठकमा छलफल भइ सो सम्वन्धमा देहाय बमोजिम कर, शुल्क वा दस्तुर कायम गरि कार्यान्वयन गर्नका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | शिर्षक/विवरण | शुल्क (रू.) | कैफियत |
|---|---|---|---|
| १ | पालिका भित्रको सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आयको | १० प्रतिशत | |
| २ | अटो, इ-रिक्सा दर्ता | २०००/- | |
| ३ | अटो, इ-रिक्सा नविकरण | १५००/- | |
| ४ | नगरपालिकाको बजार क्षेत्रका घर भित्रको फोहोरमैला व्यवस्थापनका लागि (घुम्ति पसल सहित) | ५०/- | प्रति महिना /प्रति घर |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| ५ | नगरपालिकाको बजार क्षेत्र भित्रका पसलको फोहोरमैला व्यवस्थापनका लागि (फार्मेसी, स्वास्थ्य क्लिनिक बाहेक) | १००/- | प्रति महिना/ प्रति पसल |

**निर्णय नं. ४**

लेकबेशी नगरपालिका वडा नं. ३ स्थायी निवासी श्री लिला कामीलाई नसा सम्बन्धि रोग लागि उपचारार्थ रहनु भएको र थप उपचारका लागि निजको घरायसी आर्थिक अवस्था अति कमजोर रहेको हुँदा उपचार निरन्तरताका लागि सम्बन्धित वडा कार्यालयबाट आर्थिक सहयोग माँगिन सिफारिस भई आएकाले निजलाई रु.२०,०००/- (अक्षेरुपी बीस हजार रुपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

लेकबेशी नगरपालिका अन्तर्गतको लेकबेशी नगर अस्पताल दशरथपुर, सुर्खेतबाट सञ्चालनमा रहेको १ वटा एम्बुलेन्स हाल 'ग' वर्गमा रहेको र राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को नियम ५ को उपनियम (१२) (क) मा ५ देखि ५० शैया अस्पतालको लागि अनिवार्य रूपमा 'क' वा 'ख' वर्गको एम्बुलेन्स हुनु पर्ने व्यवस्था रहेको हुँदा सोही निर्देशिकाको नियम ५ बमोजिम एम्बुलेन्स स्तरोन्नति गर्ने कार्यका लागि प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस लेकबेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तरगत आर्थिक विकास शाखा प्रमुखको रूपमा कार्यरत प्रशासकीय अधिकृत/ छैठौं श्री विवेकजंग शाहीले मिति २०८२/०४/२८ गते बसेको उद्यम विकास समितिको बैठकमा प्रस्तुत एजेण्डाका विषयमा भईरहेको छलफलका क्रममा समितिका अध्यक्ष नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूले आ.व. २०८१/०८२ मा उद्यम विकास (मेड्पा) कार्यक्रम तर्फ सञ्चालन गरेको कार्यक्रमका सम्बन्धमा जिज्ञासा राख्दा चित्त बुझ्दो जवाफ नदिएको र सोधेका प्रश्नहरुका सम्बन्धमा जिम्मेवारी पूर्वक जवाफ समेत नदिई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७३ बमोजिमको आचरण सम्बन्धि व्यवस्था उल्लङ्घन गरी नगर प्रमुखज्यूसँग वादविवाद समेत गरी अत्यन्त अमर्यादित व्यवहार प्रस्तुत गरेकोले निजलाई सोही ऐनको दफा २३ को उपदफा ५ (घ) बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

लेकबेशी नगरपालिकाको १ नं. वडा कार्यालयको नाममा रहेको साबिक लेखफर्सा ५(क) कि.नं.३८७ ज.वि. ०-४-१०-० मध्ये हाल वडा कार्यालयको नयाँ कार्यालय भवन रहेको जगाको उत्तर तर्फको ०-३-०-०(तीन कठ्ठा) जग्गा अस्थायी प्रहरी चौकी लेखफर्सालाई भवन निर्माणका लागि भोगाधिकारलागि सिफारिस गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८

यस लेकवेशी नगरपालिका अन्तर्गत ४ नं. वडा समितिबाट तपसिलका आयोजना संशोधनका लागि प्रस्ताव भई आएकोले आगामी नगरसभाको अधिवेशनबाट अनुमोदन हुनेगरी योजना संशोधन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | रकम | संशोधित भई हुनुपर्ने | रकम रु. | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|---|---|
| १. | अधुरो ब्याडमिन्टन कोर्ट निर्माण | २०,००,०००/- | पूर्व सिमले विभिन्न ठाँउहरुमा सडक स्तरोन्नती | २०,००,०००/- | लेकवेशी न.पा.-४ |

निर्णय नं. ९

नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार जलवायु परिवर्तन न्यूनिकरणका लागि कार्वन वित्त अन्तर्गत ग्रिन हाउस ग्याँस न्यूनिकरण सम्वन्धि परियोजनामा सहभागिता जनाउन श्री च्याउबायो टेक्नोलोजी प्रा.लि., बासुकीनगर-३२, काठमाडौलाई प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत